आज मिति २०८२ साल कार्तिक २३ गते आइवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको बैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | इसदस्य | श्री शान्ति राई | |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सचिव | श्री धन कुमार राई | |
| १९ | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. व्यवसायिक फलफूल खेती कार्यक्रम सञ्चालन सम्वन्धमा
२. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत अदुवा/बेसार बालीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालनको लागि सूचना प्रकाशन सम्वन्धमा
३. ५० प्रतिशत अनुदानमा चिया खेती र कफि खती सञ्चालनको लागि सूचना प्रकाशन सम्वन्धमा
४. औषधी खरीद सम्वन्धमा
५. पशु औषधी र किटनासक औषधी खरीद सम्वन्धमा
६. शिक्षक काज सरुवा सम्वन्धमा
७. लोकसेवा आयोग तयारी कक्षा सञ्चालनको लागि प्रशिक्षार्थि छनौटको सूचना प्रकाशन सम्वन्धमा
८. मोटर साइकल खरीद सम्वन्धमा
९. स्काभेटर मेसिन खरीद प्रकृया अगाडी वढाउने सम्वन्धमा
१०. महंगी भत्ता सम्वन्धमा
११. युरिया मल खरिद तथा ढुवानीको लागि विक्रेता छनौट सम्वन्धमा
१२. किवीं खेती सञ्चालनको लागि सहजकर्ता छनौट सम्वन्धमा
१३. किवी पकेट कार्यक्रमको लागि परामर्शदाता छनौटको लागि सूचना प्रकाशन सम्वन्धमा
१४. एकिकृत वस्ती विकासको टेण्डर आह्वान सम्वन्धमा
१५. कर्मचारी सरुवा सहमती सम्वन्धमा
१६. विपन्न नागरिक आवास कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१ संसोधन सम्वन्धमा
१७. वाढी पहिरो पीडितहरुलाई राहत रकम उपलब्ध गराउने सम्वन्धमा
१८. आर्थिक सहायता सम्वन्धमा

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल भई संघीय सरकार सशर्त कार्यक्रम अन्तर्गत कृषि , पशुपंक्षि परियोजना अन्तर्गत व्यवसायिक फलफूल खेती कार्यक्रम सञ्चालनको लागि रु. ६,७५,०००। रकम विनियोजन भएकोले वडा नं ५,७,८,९ र १० मा आँप,लिचि,भुइकटहर र केरा खतिको लागि ५० प्रतिशत अनुदानमा गाउँपालिका क्षेत्रभित्रका ५ वटा कृषक समूह /सहकारी संस्था/कृषि फर्महरुलाई कृषि शाखा मार्फत छनौट गरी कार्यक्रम सञ्चालन गर्ने ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल भई संघीय सरकार सशर्त कार्यक्रम अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत (अदुवा/बेसार बालीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालन) गर्नको लागि रु.१२,००,०००। रकम विनियोजन भएकोले वडा नं ५,७,८,९ र १० वाट न्यूनतम १२ वटा कृषक समूह/सहकारी संस्था/कृषि फर्महरु छनौटको लागि २१ दिने सूचना प्रकाशन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत २०८२/६/२३

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर २०७३

०८२/६/२३ अशोक राई अध्यक्ष

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल भई नेपाल सरकार वित्तिय समानीकरण अनुदानको चिया खेती र कफि खेती कार्यक्रम सञ्चालन गर्नको लागि कृषक समूह/सहकारी संस्था/कृषि फर्महरुहरु छनौट गरी कार्यक्रम सञ्चालन गर्नको लागि २१ दिनको सूचना प्रकाशन गर्ने ।

| क्र.सं. | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १ | चिया खेती विकास ५० प्रतिशत अनुदान | १५००००० | ३ वटा कृषक समूह/सहकारी संस्था/कृषि फर्महरु छनौट गर्ने |
| २ | कफि खेती कार्यक्रम ५० प्रतिशत अनुदान | १०००००० | ४ वटा कृषक समूह/सहकारी संस्था/कृषि फर्महरु छनौट गर्ने |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल भई चालु आ.व. २०८२/०८३ मा यस गाउँपालिकामा संघीय सरकार शसर्ततर्फ आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद शिर्षकमा रु. ११,९२,००० र आमचोक गाउँपालिकाको नेपाल सरकार वित्तिय समानीकरण अनुदानवाट औषधि खरिद शिर्षकमा रु १०,००००० बजेट बिनियोजन भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम (१ क) मा २५ लाख रुपैया सम्मको औषधिजन्य मालसामान राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको मुल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भएको र हाल स्वास्थ्य संस्थाहरुमा नि:शुल्क वितरण हुने औषधिहरुको मौज्दात न्यून रहेको र केहिको मौज्दात शुन्य रहेको हुँदा तत्काल खरिद गरी उपलब्ध गराउनु पर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम (१ क) अनुसार खरिद गर्ने ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल भई नेपाल सरकार वित्तिय समानीकरण अनुदान अन्तर्गत तपशिल वमोजिम वजेट विनियोजन भएकोले कृषि तथा पशु विकास शाखावाट प्रकृया पुर्याई तपशिल वमोजिमको रकम वरावरको किटनासक औषधी र पशु औषधी खरीद गर्ने ।

| क्र.सं. | कार्यक्रम | रकम |
|---|---|---|
| १ | किटनासक औषधी खरीद | ३०००००। |
| २ | पशु औषधी खरीद | ३०००००। |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल भई गाउँ शिक्षा समितिको सिफारिस वमोजिम तपशिल वमोजिमको शिक्षकहरुलाई काज सरुवा गर्ने ।

| क्र.सं. | शिक्षकको नाम थर | कार्यरत विद्यालय | काज सरुवा गरिएको विद्यालय |
|---|---|---|---|
| १ | उमा शंकर कापड | पञ्चकन्या आ.वि.आमचोक-३ | भगवती आ.वि.आमचोक-९ |
| २ | लक्ष्मी प्रसाद सञ्ज्याल | भगवती आ.वि.आमचोक-९ | सरस्वती मा.वि.आमचोक-२ |
| ३ | गंगादेवी भूजेल | पञ्चकन्या आ.वि.आमचोक-७ | शिक्षाज्योती आ.वि.आमचोक-७ |
| ४ | उद्धव खतिवडा | जनता आ.वि.आमचोक-१० | दुधकोशी आ.वि.आमचोक-१० |
| ५ | संजिव कुमार शाह | दुधकोशी आ.वि.आमचोक-१० | जनता आ.वि.आमचोक-१० |

प्रमुख प्रशासकीय अधिकृत २०८२/६/२३

बालुवा, भोजपुर २०७३

०८२/६/२३ अशोक राई अध्यक्ष

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल भई आमचोक गाउँपालिकाको गाउँसभाले नेपाल सरकार वित्तिय समानीकरण अनुदान अन्तर्गत लोकसेवा आयोग तयारी कक्षा सञ्चालनको लागि रु.३०००००। रकम विनियोजन गरेकोले लोक सेवा आयोग सञ्चालन गर्ने संस्थाहरुसंग सम्झौता गरी नासु स्तरको प्रशिक्षार्थिहरु छनौटको लागि २१ दिनको सूचना प्रकाशन ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल भई आमचोक गाउँसभाले आन्तरीक राजश्व शिर्षकवाट आमचोक वडा नं ७ र १० को लागि वाइक खरीद शिर्षकमा रु.१० लाख रकम विनियोजन गरेको हुँदा सार्वजनिक खरीद ऐन र नियमावली वमोजिम खरीद गर्ने ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल भई गाउँपालिको लागि स्काभेटर खरीद गर्न गाउँसभाले वजेटको व्यवस्था गरे वमोजिम प्राविधिक शाखाद्वारा स्काभेटर मेसिन खरीदको लागि स्पेशिफिकेशन र लागत अनुमान तयारी प्रकृया अगाडी वढाउने ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल भई राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्गर्तगको तपशिल वमोजिमको करार कर्मचारीहरुलाई आन्तरिक राजश्वको करार कर्मचारीहरुको पारिश्रमिक शिर्षकवाट प्रदेश कानुन वमोजिमको महंगी भत्ता उपलब्ध गराउने ।

- दिपक कार्की –रोजगार संयोजक
- दिक्पाल राई-रोजगार सहायक
- सेन्मुहाङ् राई-सव इन्जिनियर

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल भई कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय विराटनगरको मिति २०८२ कार्तिक १९ गतेको पत्र अनुसार आमचोक गाउँपालिकामा ३०० वोरा युरिया मलको कोटा निर्धारण भएकोले सो मलको खरीद तथा ढुवानी कार्यको लागि कम्पनीमा दर्ता भएका विक्रेता छनौटको लागि २१ दिनको सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल भई स्थानीय शासन सबलिकरण कार्यक्रम अन्तर्गत नवप्रवर्तन साझेदारी कोष मार्फत आमचोक गाउँपालिकामा संचालन हुने किवी पकेट कार्यक्रम अन्तर्गत तथ्यांङ्क संकलनका लागि सहजकर्ता छनौटको लागि प्रकाशित सूचना वमोजिमको आवेदकहरु मध्ये योग्यता क्रमको आधारमा सहजकर्ता छनौट गर्न तोकिएको मापदण्ड अनुसार तपसिल वमोजिमको ४ जना सहजकर्ताहरु छनौट गर्ने ।

**तपशिल**

| क्र.स | सहभागिको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | नबिन राई | आमचोक-२ | |
| २ | मनिषा राई | आमचोक-७ | |
| ३ | एवन बिष्ट | आमचोक-४ | |
| ४ | निम्छिकी तामाङ्ग | आमचोक-६ | |

प्रमुख प्रशासकीय अधिकृत 082/6/23

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर २०७३

082/6/23 अशोक राई अध्यक्ष

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल भई स्थानीय शासन सबलिकरण कार्यक्रम अन्तर्गत नवप्रवर्तन साझेदारी कोष मार्फत आमचोक गाउँपालिका, भोजपुरमा संचालन हुने किवी पकेट कार्यक्रम अन्तर्गत विशेषज्ञ सेवाको लागि मासिक रु.५०,०००।(पचासहजार) पारिश्रमिक हुने गरी पहिलो वर्ष ६ महिना र दोश्रो वर्ष ६ महिनाको लागि १ जना परामर्श दाता छनौटको लागि ३० दिनको सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ माथि छलफल भई गाउँपालिकाको लागि नेपाल सरकार विशेष अनुदान अन्तर्गत वालंखा वजार एकिकृत बस्ति विकासको लागि यस आ.व.मा रु.६९०००००। रकम विनियोजन भएको र विशेष अनुदान अन्तर्गत जम्मा रकम रु २,००,००,०००। को श्रोत सुनिश्चित भएकोले बाँकी अपुग रकम रु. रु.१,५१,८३,००८.६५।(अक्षेरुपी एककरोड एकावन्नलाख तिरासीहजार आठरुपैया पैंसठ्ठी पैसा) नेपाल सरकार वित्तिय समानीकरण अनुदानवाट भुक्तानी हुने गरी प्राविधिक शाखाद्वारा तयारी जम्मा लागत अनुमान रु.३,५१,८३,००८.६५।(अक्षेरुपी तीनकरोड एकावन्नलाख तीरासीहजार आठरुपैया पैंसठ्ठी पैसा) मात्र स्वीकृत गरि इ- टेण्डर गर्ने ।

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल भई यस गाउँपालिमा कार्यरत देहायका कर्मचारीको स्वास्थ्यमा समस्याका कारण निजहरुलाई कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ को उपदफा ४ ले व्यवस्था गरेको प्रावधान बमोजिम अन्तर स्थानीय तह सरुवा भई जान सहमति प्रदान गर्ने साथै सोहि ऐन वमोजिम म्याङलुङ नगरपालिकाबाट यस गाउपालिकामा आउनको लागि तपशिलका कर्मचारीलाई सहमती दिने ।

तपशिल

| सि. नं. | कर्मचारीको नाम | पद | तह | सेवा/समूह | आउन वा चाहेको स्थानीय तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री अनिश लुइटेल (क.स.नं. २४०८५६) | सव-इन्जिनियर | सहायक पाँचौ | स्थानीय इन्जिनियरिङ/सिभिल | आमचोक गाउँपालिकाबाट ईलाम नगरपालिका जाने सहमती । | सरुवा |
| २ | श्री लिला भक्त ओझा (क.स.नं. २४११६९) | सव-इन्जिनियर | सहायक पाँचौ | स्थानीय इन्जिनियरिङ/सिभिल | आमचोक गाउँपालिकाबाट फिदिम नगरपालिका जाने सहमती । | सरुवा |
| ३ | श्री अनिता राई (क.स.नं. २४२५९८) | सव-इन्जिनियर | सहायक पाँचौ | स्थानीय इन्जिनियरिङ/सिभिल | म्याङलुङ नगरपालिकाबाट आमचोक गाउँपालिका आउने सहमती । | सरुवा |

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ माथि छलफल भई विपन्न नागरिक आवास कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१ लाई तपशिल वमोजिम संसोधन गर्ने

- अनुसूचि-२ पेश भएका कागजातहरुको ४ नं. मा रहेको प्राविधिक लागत अनुमान हटाउने ।
- अनुसूचि-३ को प्रथम पक्ष (लाभग्राहि)ले मञ्जुर गरेका शर्तहरुमा ४ नं देखि ५ नं हुनु पर्नेमा ७ नं भएकोले ५ नं वनाउने
- अनुसूचि -३ को ङ मा रहेको साक्षिको नाम ,थर तथा हस्ताक्षर हटाउने
- अनुसुचि-३ को आवश्यक कागजातहरुमा सि.नं १ देखि हुनु पर्नेमा ७ देखि भएकोले १ देखि वनाउने र प्राविधिक लागत अनुमान हटाउने ।

सचिव

अशोक राई
अध्यक्ष

## निर्णय नं. १७

प्रस्ताव नं. १७ माथि छलफल भई मिति २०८२ असोज १८ र १९ गतेसम्म आएको अविरल वर्षादको कारण आमचोक गाउँपालिकामा ठूलो क्षेति भएकोले प्रहरीको सर्जिमिन मुचुल्का र वडा कार्यालयको सिफारिस वमोजिम नेपाल सरकार वित्तिय समानीकरण अनुदानको विपद व्यवस्थापन शिर्षकवाट तपशिल वमोजिम राहत स्वारुप रकम उपलव्ध गराउने ।

**तपशिल**

| क्र.सं. | नाम | वडा नं | क्षेति | क्षेति रकममा | राहत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री लाक्पा शेर्पा | १ | पहिरोले घर क्षेती | ८००००। | १०००० | दसहजार |
| २. | श्री अशोक राई | १ | पहिरोले घर क्षेती | ८००००। | १०००० | दसहजार |
| | **जम्मा** | | | | **२००००** | **तीसहजार** |

## निर्णय नं. १८

प्रस्ताव नं. १८ माथि छलफल भई अस्पतालको रेकर्ड र वडाको सिफारिसको आधारमा तपशिल वमोजिम नेपाल सरकार राजश्व अनुदानको अन्य सहायता शिर्षकवाट भुक्तानी दिने ।

| क्र.सं. | नाम | वडा नं | कारण | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री दले शेर्पा | १ | एच एण्ड सि प्याथोलोजी ल्याव विराटनगरको रिपोर्ट अनुसार कलेजोमा समस्या । | ३०००० | तीसहजार |
| २. | श्री टंक वहादुर वस्नेत | ३ | हर्नियाको समस्या भई अपरेसन गर्नु पर्ने । | १५००० | पन्ध्रहजार |
| ३. | श्री पिलन राई | ३ | मुखमा क्यान्सर भइ भारतको गोहटीमा उपचारत | ५०००० | पचासहजार |
| ४. | श्री थमानसिंह राईको छोरा अप्रीहाङ राई | ३ | क्यानसर भइ नेश्नल सेन्टरअफ क्यान्सर रिसर्च सेन्टर कटारमा उपचारत | ५०००० | पचासहजार |
| ५. | श्री काजिमान राईको छोरी समिक्षा राई | ७ | वोन टिबो भइ अपरेसन गर्नु पर्ने वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारत | ५०००० | पचासहजार |
| | **जम्मा** | | | १९५००० | एकलाख पञ्चानव्वेजार |

प्रमुख प्रशासकीय अधिकृत
२०८२/६/२२

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

०८२/६/२२
अशोक राई
अध्यक्ष